**ह्वाइट हाउस इनिसिएटिभ अन एसियन अमेरिकन एण्ड प्यासिफिक आइल्याण्डर**
**(ह्वाइट हाउसको अग्रसरतामा हुने एसीयाली अमेरिकी तथा प्रशान्त क्षेत्रका टापुहरुका निवासी)**
**को सम्मेलनका लागि अहिले नै नाम दर्ता गर्नुहोस् :**

**साउथइष्ट रिजनल एक्सन समिट**
**(कार्यवाही सम्वन्धमा दक्षिणपूर्वी क्षेत्रीय शीर्षस्थ सम्मेलन)**

**शुक्रवार मार्च १६, २०१२ विहान ९ वजे देखि अपरान्ह ३:३० वजे सम्म**

Dobbs University Center, Emory University

605 Asbury Circle, Atlanta, GA 30332

२०१० मा लिइएको जनगणना अनुसार एसियाली अमेरिकीहरु तथा प्यासिफिकको आइल्याण्डका निवासीहरु (एएपीआइ) को जर्जियामा जनसंख्या ३.२ प्रतिशत पुगेको छ, सन् २००० देखि ८२ प्रतिशतको वृद्धि यसमा भएको अनुभव गरिएको छ। अरु दक्षिणपूर्वी राज्यहरुमा पनि एएपिआइको जनसँख्या तीव्रगतिमा बढेको महशुस गरिएको छ : अलावामा : ७१ प्रतिशत, फ्लोरिडा : ७१ प्रतिशत, साउथ क्यारोलिना : ६४ प्रतिशत, टेनेसि : ६१ प्रतिशत। एएपिआइको साउथ इष्ट रिजनल एक्सन समिटले ओवामा प्रशासनका महत्वपूर्ण अधिकारीहरुलाई एकदिने खुला छलपलमा भाग लिनका लागि वोलाउने छ, यसमा समुदाय र सरकारवाट आएका सहभागीहरुले एएपिआइ समुदायलाई सशक्तिकरण गर्नका लागि संगै वसेर कार्य योजना तयार गर्ने छन्।

**शीर्षस्थ सम्मेलनको वेलामा, सहभागिहरुले निम्न कार्यहरु गर्नेछन् :**

१. एएपिआइ समुदायको चासोसंग सम्वन्धित रहेका समस्याहरुका वारेमा ओवामा प्रशासनलाई समुदायमा सदस्यहरुले सूचित गर्न सक्ने ठाउँ संस्थापित गर्ने;

२. संघीय श्रोतसाधन तथा कार्यक्रमहरुका वारेमा जान्ने; तथा

३. देशभरि रहेका एएपिआइ समुदायका आवश्यकताहरुलाई परिपूर्ति गर्नका लागि गरिने अग्रसरता सम्वन्धी दृष्टिकोण (इनोभेटिभ एप्रोच) का वारेमा समुदायका नेताहरुले एकअर्कालाई जानकारी दिनका लागि अवसरहरुको विकास गर्ने।

**कार्यशालाहरु :**

(१) अध्यागमन तथा नागरिक अधिकारहरु,

(२) स्वास्थ्य उपचार/मानसिक स्वास्थ्य सम्वन्धी मुद्दाहरु,

(३) आवास तथा फोरक्लोजरहरु, तथा

(४) उद्यमीहरुका लागि साना व्यावसाय तथा आर्थिक मुद्दाहरु

दिउसोको खाना (लञ्च) उपलब्ध गराइने छ। दर्ता निशुल्क छ।

**यहा दर्ता गर्नुहोस :** http://www.whitehouse.gov/webform/aapi-southeastern-regional-action-summit